# आ.व. २०७४/०७५ को बजेट बक्तव्य

बजेट प्रस्तुत मितिः-२०७४/०५/२६

# बंगलाचुली गाउँपालिका

कमिरेचौर, दाङ

५ नं. प्रदेश, नेपाल

**आदरणीय गाउँ सभाका अध्यक्ष एवं सदस्यज्यूहरु,**

नेपाली जनताको ऐतिहासिक जन आन्दोलन तथा शहिदको त्याग र बलिदानबाट स्थापित नेपालको संविधान, २०७२ अनुसार हामिलाई प्राप्त अधिकारको परिधिभित्र रहि जनताको सेवा गर्दै शहिदको सपना साकार पार्ने महान उदेश्यका साथ हामी आज यस गाउँपालिको समग्र विकाशका लागि उभिएका छौं । यस गाउँपालिकाका जनताको इच्छा आकाक्षांहरुको परिपूर्ति गर्दै बंगलाचुली गाउँपालिकाको समग्र विकासलाई अघि बढाउँदै लैजाने प्रण अनुरुप आज आ.व. २०७४/०७५ को बजेट यस सभामा प्रस्तुत गर्न गैरहेका छौं। यहाँका जनताको उत्कृष्ठ इच्छा र आकांक्षालाई स्मरण गर्दै यस बंगलाचुली गाउँपालिकाका जनताको भविश्यलाई उज्जवल बनाउँदै आर्थिक संबृद्धी र विकासका योजनालाई अघि बढाउनु हाम्रो कर्तव्य हो । प्रत्येक टोलका जनतालाई विकासमा सहभागी बनाउने उद्देश्यले संघिय सरकारको नीति अनुसार यस गाउँपालिकाका निर्णय बमोजिम तलैदेखि योजना छनौट हुँदै आएका छन । यसरी छनोट भई आएका योजना तथा कार्यक्रमहरुमा विभिन्न विषयगत समितिका साथै बजेट तथा कार्यक्रम तर्जुमा समिति हुदै गाउँपालिकाबाट व्यापक छलफल र अन्तरक्रिया गरी गाउँपालिकालाई निर्धारित सिलिङ्ग भित्र रही यस अघि प्रस्तुत भएको नीति तथा कार्यक्रमलाई सार्थक र साकार पार्ने उद्देश्य अनुरुप यो बजेट प्रस्तुत गर्न गइरहेको छु।

यस गरिमायम सभामा देश र जनताप्रति समर्पित रही आफ्नो जीवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात वीर सहिदहरु प्रति भावपूर्ण श्रदान्जली अर्पण गर्दछु ।

बंगलाचुली गाउँपालिका दाङ जिल्लाको विकट भू-धरातल भएको पिछडिएको गाउँपालिकाको रुपमा परिचित छ । अव हामी सबै मिलि यसलाई देशकै उत्कृष्ठ गाउँपालिकाकोरुपमा विकास गर्नुपर्ने देखिन्छ। हरेक स्थानले प्राकृतिक सम्भावना बोकेको हुन्छ मानवले त्यो सम्भावनालाई चिन्न खोज्नु पर्दछ भन्ने भनाईलाई सार्थक पार्न हामीले पर्यटन विकास, कृषि तथा पशुपालन र प्राकृतिक खानी तर्फ ध्यान दिएमा हामी यस गाउँपालिकाको समग्र विकास गर्न सक्नेछौं भन्ने लाग्दछ ।

**आदरणीय सभासदज्यूहरु,**

नेपालको संविधानलाई कार्यान्वयन गर्ने क्रममा यस बंगलाचुली गाउँपालिकामा बसोबास गर्ने जनताको भविश्यलाई उज्वल बनाउन, विकास निर्माणको सहभागितामा अग्रसर गराउन समाजमा सुशासन सामाजिक न्याय र सद्भाव कायम गराउन हामी सबै एकताबद्ध भएर अघि बढ्ने बेला आएको छ ।

**आदरणीय सभासदज्यूहरु,**

बंगलाचुली गाउँपालिकालाई सम्बृद्ध बनाउनका लागि यहाका जनताको सेवालाई प्राथमिकतामा राखी हाम्रा सबै क्रियाकलापहरुलाई त्यसतर्फ केन्द्रित गर्नुभन्ने नारालाई सार्थक तुल्याउनु हाम्रो मूख्य कर्तव्य हुनेछ ।

**आदरणीय सभासदज्यूहरु,**

आर्थिक वर्ष २०७४/०७५ को वार्षिक नीति तथा कार्यक्रमलाई गाउँपालिकाको विकासको मूख्य आधारवर्षको रुपमा घोषणा गर्दै मिति २०७४/०५/२५ गते यस सभामा प्रस्तुत नीति तथा कार्यक्रमलाई मूख्य मार्गदर्शनका रुपमा लिई सोही दिशाउन्मुख बजेट निर्माण गरेको छु । बंगलाचुली गाउँपालिकाको पहिलो गाउँ सभाको बजेट तथा कार्यक्रम गाउँपालिका अध्यक्षको हैसियतमा यो सम्मानित सभामा आ.व. २०७४/०७५ को बजेट प्रस्तुत गर्न पाउँदा मलाई गौरवको अनुभुति भएको छ।

**आदरणीय सभासदज्यूहरु,**

अव म हामी निर्वाचित भई यस गाउँपालिकामा आइसकेपछि गरिएका मूख्य मूख्य प्रयास तथा क्रियाकलापको समिक्षा प्रस्तुत गर्न चाहन्छु ।

- हामी निर्वाचित भई आइसकेपछि आठ वटै वडा कार्यालयहरु स्थापना गरी आठ वटै स्थानबाट सेवा प्रवाहको कार्य शुरु गरिसकेको व्यहोरा अवगत गराउन चाहन्छु । जसबाट सानोतिनो कामका लागि जनतालाई केन्द्रमा धाउनुपर्ने बाध्यता हटी सहजता कायम भएको छ ।
- प्रत्येक वडालाई गाउँपालिका केन्द्रसँग यातायातले जोड्ने हाम्रो मूख्य लक्ष्य अनुरुप वडा नं. ७ र ८ लाई गाउँपालिका केन्द्रसँग जोड्नका लागि सडक निर्माण कार्यको सुरुवात भइसकेको व्यहोरा अवगत गराउन चाहन्छु ।
- संघिय व्यवस्था अनुरुप बनाउनु पर्ने स्थानीय तह संचालनका ऐन कानून तथा कार्यविधिहरुलाई प्राथमिकताका साथ निर्माण गरी कार्यान्वयनमा ल्याइएको व्यहोरा अवगत गराउन चाहन्छु ।
- अविरल वर्षाले पर्न आएको दैविक प्रकोपबाट प्रभावित जनतालाई तत्काल राहत र पुनर्स्थापनाको कामलाई स्थलगत अवलोकन गरी आकस्मिक राहत प्रदान गरिएको व्यहोरा अवगत गराउन चाहन्छु।

**आदरणीय सभासदज्यूहरु,**

अव म यस सभामा बजेटको साराशं प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आर्थिक वर्ष २०७४/०७५ का लागि कूल बजेट ३४ करोड ३५ लाख ७५ हजार ५ सय रुपैंया अनुमान गरेको छु । जसमध्ये चालु खर्च प्रशासनिक खर्चतर्फ ३ करोड ४६ लाख ५९ हजार ५ सय अर्थात कूल बजेटको १० प्रतिशत, पुँजिगत तर्फ १८ करोड २० लाख ९१ हजार अर्थात कूल बजेटको ५३ प्रतिशत र शसर्त अनुदान तर्फ १२ करोड ६८ लाख २५ हजार अर्थात कूल बजेटको ३७ प्रतिशत विनियोजन गरेको छु ।

पुँजिगत तर्फ छुट्याइएको बजेट मध्ये सडक, खानेपानी, सिंचाई, पर्यटन जस्ता पुर्वाधार निर्माण गर्न सार्वजनिक निर्माणतर्फ १० करोड ५० लाख ३९ हजार अर्थात कूल पुँजिगत बजेटको ५८ प्रतिशत छुट्याइएको छ । बाँकी पुँजिगत बजेट ७ करोड ७० लाख ५२ हजार अर्थात कूल पुँजिगत बजेटको ४३ प्रतिशतबाट गाउँपालिका तथा वडा कार्यालय व्यवस्थापन तथा संचालनका लागि फर्निचर, मेशिनरी

औजार, सवारी साधन आदि जस्ता पुँजिगत निर्माण तथा कृषि, सहकारी, पशुसेवा तथा साना सिंचाइ, स्वास्थ्य सरसफाई, लक्षित वर्गको जीवनस्तर माथि उठाउन संचालन हुने कार्यक्रम, यूवा तथा खेलकुद, वातावरण संरक्षण, वन तथा भू-संरक्षण लगायत विभिन्न प्रवर्धनात्मक कार्यक्रम र गाउँपालिकाबाट संचालन हुने विशेष कोषहरुका लागि विनियोजन गरेको छु ।

त्यस्तै शसर्त अनुदानमा विनियोजित बजेट १२ करोड ६८ लाख २५ हजार अर्थात कूल बजेटको ३७ प्रतिशतबाट प्राथमिक, निम्न माध्यमिक तथा माध्यमिक विद्यालयलाई संचालन अनुदान, स्वास्थ्य चौकी तथा प्राथमिक स्वास्थ्य केन्द्रका कर्मचारहरुको तलब भत्ता तथा आधारभुत स्वास्थ्य सेवा प्रवाह र स्वास्थ्य तथा सरसफाई सम्बन्धी विभिन्न कार्यक्रम, कृषि तथा पशुसेवाका एक गाउँ एक प्राविधिकहरुको तलब तथा पोशाक, सामाजिक सुरक्षा भत्तामा विनियोजन गरेको छु । व्यय सम्बन्धी विस्तृत विवरण अनुसूचि १ मा संलग्न छ ।

**आदरणीय सभासदज्यूहरु,**

**अव म क्षेत्रगत व्यय अनुमानको विवरण पेश गर्न चाहन्छु ।**

<u>सडक यातायात क्षेत्रः-</u>

यस गाउँपालिका भौगोलिक दृष्टीले विकट तथा अविकसित सडक यातायात रहेको व्यहोरा माथिनै प्रस्तुत गरिसकिएको छ । यस विकटतालाई मध्यनजर गर्दै आगामी ५ वर्षभित्र हरेक जनताले ३० मिनेट पैदल यात्रा गरी सवारी साधन चढ्न पाउने सुविधा अनुरुप प्रत्येक वडालाई गाउँपालिकाको केन्द्रसँग नियमित सवारी आवागमन हुने व्यवस्था मिलाउने उद्देश्यले रु. ३ करोड ९१ लाख ६६ हजार विनियोजन गरेको छु। उल्लिखित विनियोजित रकमबाट घोराहीको मसिना-खाडा-मर्पेस-पुरुङ्ग-जुम्लेपानी-श्रीवारी-दाङवाङ-रिभान-मसुरे-मुर्कुटी (शहिद अजय भरत कृषि मार्ग) को ट्रयाक खोल्न तथा स्तर उन्नती कार्यको लागि रु.३५ लाख विनियोजन गरेको छु ।

- मुर्कुटी-बशै-झेलखोल-छापडाँडा-गोठिवन सडक (गणतन्त्र मार्ग) निर्माणका लागि रु.२७ लाख विनियोजन गरेको छु ।
- मुलावारी-छापडाँडा-पुठा खोला हुँदै प्यूठान जस्पुर जोड्ने सडक (शहिद थापाराना मार्ग) निर्माणको लागि रु.४० लाख विनियोजन गरेको छु।
- मुलावारी-हाँसिपुर-जबरकोट-बिर्खे (वि.पि.) मार्ग स्तर उन्नतिको लागि रु.२० लाख विनियोजन गरेको छु।
- मुलावारी-तिखेचुली-भेडावारी-बाखखोर हुँदै हुक्ला चोक जोड्ने (शहिद प्रदिप बासु मार्ग) निर्माणका लागि रु.३० लाख विनियोजन गरेको छु।
- झेलनेटा-फलिदे-कोल-अर्जुनखोला सडक (शहिद पुष्प मार्ग) निर्माणका लागि रु.२७ लाख विनियोजन गरेको छु ।

- विभिन्न बस्तीहरुलाई वडा केन्द्रसँग जोडन सडक निर्माणको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**खानेपानीः-**

यस गाउँपालिकाका सबै जनतालाई ५ वर्षभित्र स्वच्छ पिउने खानीको धारा घर घरमा पुऱ्याउने लक्ष अनुरुप चालु आ.व. २०७४/०७५ का लागि १ करोड ७८ लाख ८५ हजार विनियोजन गरेको छु। यस गाउँपालिकाका पहाडी बस्तीहरु माथि र पानिका मुहान तल भएका कारण लिफ्ट खानेपानी योजनाहरुलाई प्राथमिकता दिइएको छ। जस अनुरुप मर्पेस लिफ्ट खानेपानी योजना निर्माणको लागि रु.८ लाख, जुम्रा खानेपानी योजना निर्माणको लागि रु.१० लाख, झिङ्गा लिफ्ट खानेपानी योजनाका लागि रु.२० लाख, बिर्खे लिफ्ट खानेपानी योजनाका लागि रु.१० लाख, देउराली डाँडा गोठिवन लिफ्ट खानेपानी योजनाका लागि रु.१० लाख विनियोजन गरेको छु । अन्य विभिन्न बस्तीहरुलाई आवश्यक साना खानेपानी योजनाको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**सिंचाईः-**

यस गाउँपालिकाको दैनिक जिविकोपार्जन गर्ने व्यवसाय नै कृषि भएकोले भौगोलिक बिकटताका कारण खेतियोग्य जमिनको क्षेत्रफल कम भएपनि सिंचाईका साना साना मागहरुलाई सम्बोधन गर्दै उपयुक्त सिंचाई प्रविधि आकासे पानी संकलन समेतका लागि रु. ७३ लाख ५० हजार विनियोजन गरेको छु। जसमध्ये कब्जा मुलावारी ज्यामिरे सिंचाई कुलो निर्माणका लागि रु.१० लाख, बचेनीमा वर्षे पानी संकलन पोखरी निर्माण गर्न रु.१० लाख, रानीथुम्की लेखमा वर्षे पानी पोखरी निर्माण लागि रु.१० लाख, साना सहकारी कृषि सिंचाई योजनाका लागि रु.२१ लाख विनियोजन गरेको छु । साथै कम क्षेत्रफल भएक कृषि योग्य भूमिका लागि विभिन्न साना सिंचाई योजनाका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

**पर्यटनः-**

यस गाउँपालिकाको मुख्य आयश्रोत नै पर्यटन प्रबर्धनलाईलाई लिइएकोले पर्यटकको आगमन बढाउन आकर्षक प्याकेजका रुपमा अर्गानिक कृषि उत्पादनलाई प्राथमिकता दिई पर्यटन प्रबर्धनमा जोड दिन बंगलाचुली पर्यटन पूर्वाधार विकासका लागि रु. ९५ लाख विनियोजन गरेको छु । त्यस्तै गाउँपालिका भित्रका मनोरम पर्यटकिय तथा धार्मिक स्थलहरु गढीलेख, उँझा मन्दिर, धिमधिमे लेख, रानीथुम्की आदि जस्ता पर्यटकिय एवं धार्मिक स्थलहरुको पूर्वाधार विकासका लागि संम्भाव्यता अध्ययन र गुरु योजना निर्माण गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

**विद्युतः-**

विकट पहाडी बस्ती भएका कारण यस गाउँपलिकाका धेरै बस्तीहरु विद्युत सेवाबाट बन्चित रही अध्यारोमै बस्न बाध्य रहेको मर्मलाई दृष्टीगत गरी आगमी ५ वर्षभित्र गाउँपलिकालाई उज्यालोमा परिणत गर्ने लक्ष्य अनुरुप चालु आ.व.२०७४/०७५ का लागि विभिन्न बस्तीमा विद्युत विस्तारमा रु.१ करोड ७० लाख विनियोजन गरेको छु।

**शिक्षाः-**

गाउँपालिका भित्रका हरेक बालबालिका विद्यालय जान पाउने तथा सुविधायुक्त विद्यालयमा पढ्न पाउने अधिकारलाई दृष्टिगत गरी गुणस्तरिय शिक्षा प्रदान गर्ने उद्देश्यले विद्यालय भौतिक पूर्वाधारमा १ करोड ८ लाख ३० हजार र शसर्त अनुदान तर्फ ८ करोड ५० लाख ३८ हजार गरी जम्मा ९ करोड ५८ लाख ६८ हजार विनियोजन गरेको छु ।

**स्वास्थ्य तथा सरसफाईः-**

**स्वस्थ तन स्वच्छ मन** भन्ने भनाईलाई मनन् गर्दै गाउँपालिकाका सबै जनतालाई आधारभुत स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्य अनुरुप स्वास्थ्य चौकी नभएका वडामा आधारभुत स्वास्थ्य सेवा प्रवाह, गाउँपालिका केन्द्रमा आयुर्वेद स्वास्थ्य केन्द्र संचालन तथा नियमित स्वास्थ्य तथा सरसफाई कार्यक्रम संचालनका लागि रु.२ करोड १९ लाख ८७ हजार विनियोजन गरेको छु ।

**कृषि, सहकारी तथा पशु विकासः-**

यस गाउँपालिका अधिकांश जनताको मुख्य पेशा नै कृषि रहेकोले गाउँपालिकाको संबृद्धीलाई कृषि तथा पशुपालनसँग जोड्दै सहकारी मार्फत कृषि र पशु विकासलाई मुख्य प्रश्रय दिन आ.व. २०७४/०७५ मा अर्गानिक कृषि क्षेत्र पकेट कार्यक्रम, व्यवसायिक तरकारी तथा फलफूल खेती, उन्नतजातको पशुपंछी पालन र कृषि तथा पशुहरुको हाटबजार व्यवस्थापन कार्यक्रम समेतका लागि रु.१ करोड ३६ लाख ७१ हजार विनियोजन गरेको छु ।

**वन, वातावारण तथा मू-संरक्षणः-**

गाउँपालिका क्षेत्रभित्र जैविक विविधता संरक्षण, सामुदायिक तथा सरकारी वन व्यवस्थापन तथा जलाधार संरक्षण, नदिनालाबाट बगेर गइरहेको प्राकृतिक श्रोत साधन संरक्षण, भू-क्षय नियन्त्रण तथा प्राकृतिक श्रोत व्यवस्थापन समेतका लागि विभिन्न कोषहरुको स्थापना तथा कार्यक्रम संचालन गर्न रु. ३१ लाख ५० हजार विनियोजन गरेको छु ।

**यूवा तथा खेलकुदः-**

युवाहरुलाई खेलकुदमा आकर्षित गर्ने उद्देश्यले खेलकुद मैदान निर्माण तथा सुधार, गाउँपालिका स्तरिय खेलकुद कार्यक्रम आयोजना समेतका लागि रु.३१ लाख ९० हजार विनियोजन गरेको छु ।

**विपद व्यवस्थापनः-**

प्राकृतिक प्रकोपको कारण आइपर्ने विपदलाई न्यूनिकरण गर्न तथा प्रकोपबाट प्रभावित परिवारलाई तत्काल राहत दिने उद्देश्यले प्रकोप व्यवस्थापन कोष समेत स्थापनाका लागि रु.१० लाख विनियोजन गरेको छु।

**लक्षित वर्गः-**

नेपालको संविधान बमोजिम लक्षित वर्गको व्यक्तित्व विकास तथा जीवन स्तर माथि उठाउन उनिहरुलाई आत्मनिर्भर बनाउन दलित, जनजाती, पिछडिएको क्षेत्र, महिला तथा बालबालिका, जेष्ठ नागरिक, अपाङ्ग तथा अशक्तहरुलाई प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रम र दिर्घकालीन कोष व्यवस्थापनका लागिरु.१ करोड १ लाख २० हजार विनियोजन गरेको छु ।

**सामाजिक सुरक्षाः-**

नेपाल सरकारको केन्द्रिय कार्यक्रम अनुसार जेष्ठ नागरिक, एकल महिला, अपाङ्ग तथा असाहय बालबालिकालाई सामाजिक सुरक्षा भत्ता प्रदान गर्न रु. २ करोड ५० लाख विनियोजन गरेको छु ।

**प्रबर्धनात्क कार्यक्रमः-**

नब निर्वाचित जन प्रतिनिधिहरु र कार्यालयमा कार्यरत कर्मचारीहरुको व्यक्तित्व तथा सिप विकास गर्न एवं कार्यालयको सूचना शाखा व्यवस्थापन गर्न, राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवसमा कार्यक्रम आयोजना समेतका लागि रु. ३४ लाख १३ हजार विनियोजन गरेको छु ।

**सूचना तथा संचारः-**

गाउँपालिकाका जनताले सुसुचित हुन पाउने हकलाई दृष्टीगत गर्दै सबै स्थानमा मोबाइल टेलिफोन सेवाको पहुँच तथा एफ.एम. रेडियो संचालन गर्न सम्बन्धित निकायलाई ध्यानाकर्षण गराउने रगाउँपालिका, सबै वडा कार्यालयहरुलाई इन्टरनेट सेवाको पहुँच उपलब्ध गराई सूचना शाखा व्यवस्थापन गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

**उद्योग तथा वाणिज्यः-**

**"एक व्यक्ती एक व्यापार गाउँपालिकाको सपना साकार"** भन्ने नारालाई सार्थक तुल्याउन व्यापारिक केन्द्रहरुलाई व्यवस्थित गरी एक पसलमा वर्गिकरणका आधारमा सोही माल सामानमात्र विक्री गर्ने व्यवस्था गर्दै गाउँपालिका भित्र औद्योगिक केन्द्र स्थापनाका लागि संभाव्यता अध्ययन तथा इट्टाको आयातलाई विस्थापन गर्न हाम्रै प्राकृतिक श्रोत ढुङ्गा खानीलाई संचालनमा ल्याउनका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

**आदरणीय सभासदज्यूहरु,**

अव म माथि उल्लिखित व्ययलाई आवश्यक रकम व्यवस्था गर्न अनुमानित आय शिर्षकहरुको विवरण प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

चालु आ.व. २०७४/०७५ का लागि विनियोजन गरिएको कूल रकम रु.३४ करोड ३५ लाख ७५ हजार ५ सय मध्ये नेपाल सरकारको समानिकरण अनुदानबाट रु. १९ करोड ३३ लाख ५५ हजार, नेपाल सरकारको शसर्त अनुदानबाट १२ करोड ६८ लाख २५ हजार र गाउँपालिकाको आन्तरिक आयबाट रु. १ करोड ३३ लाख ९५ हजार ५ सय तथा प्रदेश सरकारबाट प्राप्त हुनसक्ने अनुदान रु. १ करोड बाट व्यवस्था गरेको छु । गाउँपालिकाबाट लगाइने करको विवरण अनुसूची-२ मा उल्लेख गरेको छु ।

**आदरणीय सभासदज्यूहरु,**

गरिबी, बेरोजगारी, भौतिक विकासबाट हामी पीडित छौं । सिमित श्रोत साधन, असिमित हाम्रा आवश्यकताहरु छन । हाम्रो आवश्यकताहरुलाई पुरा गर्नको लागि हाम्रो सहलगानीको आधारमा श्रोत साधन परिचालन गर्न जरुरी छ । यसका लागि तपाई हाम्रो काँधमा आएको जिम्मेवारी पुरा गर्नको लागि हामीले अथक मेहनतका साथ योगदान दिन जरुरी छ । यस बजेटबाट जनचाहना अनुरुप सम्बोधन हुन नसकेका कुराहरुलाई आउँदा दिनहरुमा समावेश गरिने छ ।

**आदरणीय सभासदज्यूहरु,**

समग्र बंगलाचुली गाउँपालिकाको पूर्वाधार विकास र सुशासन संचालन गर्नको लागि यहाँहरुको पूर्ण सहयोग रहेनछ भनी मैले विश्वास लिएको छु ।

***धन्यवाद, अभिबादन, नमस्कार..........***